म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१६ अङ्क:- १०८ २०८१ फागुन २३ गते शुक्रबार 7 March 2025, Friday - पृष्ठ ४ मूल्य रु. ५/-

**सिभिल इन्जिनियर आवश्यक**

हेटौंडामा व्यावसायिक भवन निर्माणका लागि एक जना सिभिल इन्जिनियर एक वर्षका लागि पूर्णकालिन चाहिएकोले इच्छुक योग्य उम्मेदवारले सम्पर्क राख्नुहुन जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

- कम्तीमा ३ वर्षको अनुभव अनिवार्य ।
- पारिश्रमिक आपसी समझदारी अनुसार तय गरिनेछ ।

सम्पर्कः
०५७-५२०४२९
९८५५०६९५६०/९८५१०३१०७२

## बागमती सरकारको मन्त्रिपरिषद्बाटै हरायो अस्पताल बनाउने निर्णय

बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् निर्णय

सम्वत् २०८१ साल जेठ ३२ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–

| सि.नं. | निर्णय |
|---|---|
| १. | बागमती प्रदेश सरकारको दोस्रो आवधिक योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६) स्वीकृत गर्ने। |
| २. | प्रदेश स्वास्थ्य नीति, २०८१ स्वीकृत गर्ने। |
| ३. | (क) आयुर्वेद औषधि संहिता स्वीकृत गर्ने।<br>१. आयुर्वेद औषधि संहिता भाग-१ (चूर्ण, कल्क तथा क्वाथ कल्पना), २०८१<br>२. आयुर्वेद औषधि संहिता भाग-२ (वटि तथा गुग्गुलु कल्पना), २०८१<br>३. आयुर्वेद औषधि संहिता भाग-३ (स्नेह कल्पना), २०८१<br>४. आयुर्वेद औषधि संहिता भाग-४ (अवलेह तथा सन्धान कल्पना), २०८१<br>५. आयुर्वेद औषधि संहिता भाग-५ (अन्य कल्पना), २०८१<br>(ख) आयुर्वेद औषधिका लेबल डिजाइन स्वीकृत गर्ने।<br>१. बिल्वादि चूर्ण - ५० ग्राम<br>२. पुष्यानुग चूर्ण - ५० ग्राम<br>३. अश्वगन्धा चूर्ण - ५० ग्राम<br>४. महासुदर्शन चूर्ण - ५० ग्राम<br>५. त्रिफला चूर्ण - ५० ग्राम<br>६. निम्बादि चूर्ण - ५० ग्राम<br>७. हिङ्ग्वाष्टक चूर्ण - ५० ग्राम<br>८. अविपत्तिकर चूर्ण - ५० ग्राम<br>९. सितोपलादि चूर्ण - ५० ग्राम<br>१०. अश्वगन्धा चूर्ण - १०० ग्राम<br>११. आमलकी चूर्ण - १०० ग्राम |

समाज संवाददाता

हेटौंडा : मकवानपुरमा निर्माण गर्ने भनिएको प्रादेशिक अस्पतालको निर्णय बागमती प्रदेश सरकारको मन्त्रिपरिषदबाटै हराएको छ। प्रदेश सरकारले गत २०८१ जेठ ३२ मा मकवानपुरका प्रादेशिक अस्पताल निर्माण गर्ने निर्णय गरेको थियो । तर, उक्त निर्णय न मन्त्रिपरिषद्को बैठकमा भेटिन्छ न स्वास्थ्य मन्त्रालयमा कुनै कागजपत्र भेटिन्छ ।

मन्त्रिपरिषद्ले निर्णय गरेर चालु आर्थिक वर्षबाटै काम थाल्ने योजना निर्माण गरेपनि उक्त विषयमा मन्त्रिपरिषद्को निर्णय सूचिमा समेत लिपिवद्ध हुन सकेको छैन । उक्त दिनमा मन्त्रिपरिषद् बैठकले आवधिक योजना स्वीकृत गर्ने, प्रदेश स्वास्थ्य नीति २०८१ स्वीकृत गर्ने, आयुर्वेद औषधी संहिता स्वीकृत गर्ने तथा आयुर्वेद औषधीको लेवल स्वीकृत गर्ने निर्णय गरेको थियो । निर्णय गरिएका विषयहरु लिखित रुपमा समेटिँदा मकवानपुरका प्रादेशिक अस्पताल बनाउने निर्णय भने प्रमाणीकरण हुन सकेको देखिँदैन ।

उक्त बैठकको निर्णय तत्कालिन सरकारको प्रवक्ता गंगानारायण श्रेष्ठले सार्वजनिक गर्नुभएको थियो । तत्कालिन स्वास्थ्य मन्त्री रामेश्वर श्रेष्ठले बैठकमा पेश गर्नुभएको अस्पताल निर्माण गर्ने प्रस्तावमाथि निर्णय भएको थियो। बैठकको निर्णय सार्वजनिक गर्नुहुँदै तत्कालिन मन्त्री गंगानारायण श्रेष्ठले मकवानपुरमा प्रादेशिक अस्पताल निर्माणका लागि अध्ययन गर्न कार्यदल बनाउने बताउनुभएको थियो ।

पछिल्लो समय हेटौंडा अस्पताल र प्रतिष्ठान बीच स्वामित्व विवाद चर्किँदै जाँदा प्रदेश सरकारले प्रादेशिक अस्पताल निर्माणको अध्ययन गर्ने निर्णय गरेको तत्कालिन स्वास्थ्य मन्त्री रामेश्वर श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार मकवानपुरको हेटौंडा, बकैया वा मनहरीसहितका विभिन्न स्थानीय तहमा अस्पताल स्थापनाका लागि अध्ययन गर्ने गरी बजेट वक्तव्यमा नै व्यवस्था गर्ने निर्णय भएको थियो ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७६ अनुसार प्रादेशिक अस्पतालको रुपमा रहेको हेटौंडा अस्पताल प्रतिष्ठान अन्तर्गत रहने र मकवानपुरमा प्रादेशिक अस्पताल नरहेकाले अस्पताल स्थापनाको लागि सम्भाव्यता अध्ययन गर्ने निर्णय गरिएको उहाँले बताउनुभयो । बैठकको निर्णय अनुसार प्रदेशिक अस्पताल स्थापनाका लागि अध्ययन कार्यदल बनाएर अध्ययन गरी सोको प्रतिवेदनका आधारमा निर्माण कार्य सञ्चालनमा सरकार अघि बढ्ने तत्कालिन सरकारको तयारी रहेको उहाँको भनाई छ ।

'प्रतिष्ठानको ऐन कार्यान्वयनको चरणमा रहेकाले हेटौंडा अस्पताल प्रतिष्ठान अन्तर्गत रहेको बताए। विभिन्न राजनीतिक दलहरुको माग अनुसार ऐन संशोधन गरेर अस्पताललाई प्रतिष्ठानबाट अलग गर्ने अवस्था देखिएको थिएन । ऐनको प्रभावकारी कार्यान्वयन गर्दै प्रतिष्ठानलाई व्यवहारिक ढंगबाट विकास गर्ने र हेटौंडा अस्पतालको स्तरोन्नति गर्ने गरी सरकार अघि बढेको सरकारको रणनीति थियो । अस्पताल र प्रतिष्ठान बीच रहेको समस्याहरु क्रमशः हल गर्दै जाने र उक्त समस्या हल गर्न तथा नागरिकमा स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्ने उद्देश्य अनुसार उक्त निर्णय भएको थियो ।' पूर्वमन्त्री श्रेष्ठले भन्नुभयो ।

पछिल्लो समय प्रतिष्ठान र अस्पताल बीचको विवादमा दोहोरो प्रशासनको प्रमुख कारण देखिएकाले त्यसलाई छिट्टै नै हल गरेर ऐन अनुसार अघि बढ्ने तत्कालिन सरकारको योजना रहेको उहाँले बताउनुभयो । मकवानपुरको भौगोलिक असमानताका कारण नागरिकहरुलाई स्वास्थ्य सेवामा सहजता दिने गरी अस्पताल निर्माणको तयारी थालिएको उहाँले बताउनुभयो । निर्णय भएपनि सो पश्चात सरकार परिवर्तन भएकाले कार्यान्वयनको अवस्था बारे आफूलाई जानकारी नरहेको उहाँको भनाइ छ। सरकारमा स्वास्थ्य मन्त्रालयले एमाले कै भागमा रहेको र एमालेबाट किरण थापा मगरले नेतृत्व गरिरहेको उहाँले बताउनुभयो। उक्त विषयमा मन्त्री मगरसँग समन्वय गर्ने उहाँको भनाई छ ।

### कुनै प्रक्रिया अघि बढेको: प्रवक्ता गेलाल

स्वास्थ्य मन्त्रालयका प्रवक्ता खगेश्वर गेलालले मकवानपुरका प्रादेशिक अस्पताल निर्माणको सैद्धान्तिक सहमतिसहित निर्णय भएपनि औपचारिकता नपाएको बताउनुभएको छ। मकवानपुरमा प्रादेशिक अस्पताल बनाउने विषयमा कुनैपनि बजेट व्यवस्था नभएको र प्रक्रिया पनि अघि नबढेको उहाँले स्पष्ट पार्नुभयो ।

राजनीतिक नेतृत्वबाट उक्त विषयमा सहमतिसहित निर्णय गरेपनि मन्त्रिपरिषद्को निर्णय प्रमाणीकरण नहुँदा कार्यान्वयनमा नरहेको उहाँले बताउनुभयो । हेटौंडा अस्पताल र प्रतिष्ठानको विवाद समाधान गर्ने उद्देश्य तथा आम नागरिकलाई स्वास्थ्य सेवामा सहज पहुँच दिलाउन भौगोलिक अवस्थिती अध्ययन गर्ने र अस्पताल निर्माणको योजना अघि बढाउने निर्णयमा हाल कुनै प्रक्रिया अघि नबढेको उहाँले बताउनुभयो। सो विषयमा मन्त्रालयले प्रस्ताव उठाएर पठाएपनि प्रमाणीकरण नहुँदा कार्य अघि नबढेको उहाँले जानकारी दिनुभयो ।

मन्त्रिपरिषद्बाट उक्त निर्णय प्रमाणीकरण नभएकाले सो विषयमा कुनै कागजातहरु मन्त्रालयमा नरहेको उहाँले बताउनुभयो । मन्त्रालयबाट सो बाहेक हेटौंडा अस्पताल र प्रतिष्ठानको विवाद समाधान गर्न छलफल गरेर अघि बढ्ने काम भइरहेको प्रवक्ता गेलालले बताउनुभएको छ । प्रदेशका ५ स्थानीय तहका अस्पताललाई स्तरोन्नति गरी प्रादेशिक अस्पताल बनाउने गरी बजेटमा व्यवस्था भएअनुसार काम भइरहेको उहाँले बताउनुभयो ।

## संविधानबमोजिम नै प्रदेशमा १४ मन्त्रीः मुख्यमन्त्री लामा




समाज संवाददाता

हेटौंडा : संवैधानिक अधिकार उपभोग गर्ने क्रममा प्रदेशमा १४ मन्त्री भएको बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले बताउनुभएको छ । बिहीबार 'मजबुत प्रदेश, समृद्ध देश' भन्ने शीर्षकमा कान्तिपुर टिभीले आयोजना गरेको मुख्यमन्त्रीसँग कान्तिपुर कार्यक्रममा कान्तिपुर टिभीका पत्रकार विजय पौडेलले सोध्नुभएको 'दुई ठूलो पार्टी बनेर पनि किन प्रदेशमा मन्त्री घट्न सकेन ?' भन्ने प्रश्नमा मुख्यमन्त्री लामाले सो कुरा बताउनुभएको हो ।

पहिला संघमा पनि धेरै मन्त्री बन्ने गरेको र संविधानले मन्त्रिमण्डलको निश्चित संख्या तोकेको मुख्यमन्त्रीले लामाले बताउनुभयो । संविधानले प्रदेशसभा सदस्य संख्याको २० प्रतिशतको संख्यासम्म मन्त्री बनाउन पाउने अधिकार दिएको उहाँले स्पष्ट पार्नुभयो। संवैधानिक अधिकार अनुसार बागमती प्रदेशमा २२ जनासम्म मन्त्री बन्न सक्ने भए पनि १४ जनामात्र मन्त्री भएको उहाँको भनाइ छ ।

पत्रकार पौडेलले बागमती प्रदेशले जसरी मन्त्रालय र मन्त्री बनाउन संविधानको प्रयोग गऱ्यो, त्यसरी संविधानको अन्य व्यवस्था कार्यान्वयन गर्न किन नसकेको भन्ने प्रश्न गर्नुभयो । पौडेलले संविधानमा हरेक व्यक्तिको रोजगार, शिक्षा, स्वास्थ्यजस्ता मौलिक हक प्रदेश सरकारले किन पूरा गर्न नसकेको भन्ने प्रश्न गर्नुभयो । उक्त प्रश्नको जवाफमा मुख्यमन्त्री लामाले खान पाउने अधिकार सुनिश्चित गर्नका लागि काम गर्नुपर्ने र रोजगार केमा पाइन्छ भन्ने कुरा थाहा पाउनुपर्ने बताउनुभयो । खेतबारी बाँझो राखेर सरकारले रोजगार दिएन भन्न नमिल्ने उहाँको भनाइ छ ।

रोजगार सिर्जना गर्नका लागि उद्योग, कलकारखाना सञ्चालनमा सहजीकरण गर्नुपर्ने भए पनि नागरिकको हेर्ने दृष्टिकोण राम्रो नभएको मुख्यमन्त्री लामाले जिकिर गर्नुभयो। सरकारले पनि लापरबाही ढङ्गले काम गरिरहेको भन्दै उहाँले कसैले उद्योग सञ्चालन गर्न लागेमा तस्करले उद्योग सञ्चालन गऱ्यो भनेर भ्रम फैलाउने परिपाटी रहेको बताउनुभयो । राष्ट्रमा आएका लगानीकर्ताहरुलाई निरुत्साहित गर्दा रोजगार प्राप्त गर्न नसकिने उहाँको भनाइ छ ।

'पछाडि पारिएका वर्ग, क्षेत्र, समुदाय, अपाङ्गता भएका व्यक्तिदेखि दलितसम्मलाई राज्यको मुलप्रवाहमा ल्याउन के कस्ता कानुन निर्माण गरेको छ र यस विषयमा बागमती प्रदेश सरकार कत्तिको सफल भएको छ ?' भन्ने पत्रकार पौडेलको प्रश्नमा मुख्यमन्त्री लामाले पछाडि पारिएका वर्ग, क्षेत्र, समुदाय, दलित, अपाङ्गता भएका व्यक्तिलाई विशेष किसिमले हरिएको र निम्न आर्थिक अवस्था भएका व्यक्तिको निःशुल्क उपचार गरेको बताउनुभयो । प्रदेशका १३ वटै जिल्लामा सुविधासम्पन्न अस्पताल निर्माण गरिएको र स्टाफ नर्स पढ्ने व्यवस्थासमेत गरिएको मुख्यमन्त्री लामाले दावी गर्नुभयो ।

हाल प्रदेश सरकारले दक्ष जनशक्ति उत्पादनमा जोड दिएको मुख्यमन्त्री लामाको भनाइ छ। विदेशमा जाँदा पनि दक्ष भएपछि पारिश्रमिक धेरै पाउने भन्दै उहाँले व्यावहारिक शिक्षामा जोड दिएको र कमाउँदै सिक्दै कार्यक्रमलाई प्राथमिकता दिएको बताउनुभयो। कसरी हुन्छ बेरुजु घटाउनेतर्फ प्रदेश सरकार लागि परेको उहाँको भनाइ छ ।

कार्यक्रममा प्रदेशका मन्त्रीहरु, प्रदेशसभा सदस्यहरु, विद्यार्थी र प्रतिपक्ष दलका नेताको पनि उपस्थिति थियो । प्रतिपक्ष दलका सांसद रत्न ढकालले संविधान बानाउन मुख्य भूमिका खेलेका तीन राजनीतिक दलहरुको एकात्मक सोच, शैली र परम्परागत चिन्तनका कारण संघीयतामाथि बाधा व्यवधान आएको बताउनुभयो। संघीय सरकारले निजामती ऐन, शिक्षक ऐनजस्ता साझा अधिकारका थुप्रै ऐनहरु नदिँदा प्रदेशले काम गर्न नपाएको उहाँले बताउनुभयो ।

मुख्यमन्त्री लामाले आगामी दिनमा विकासको कम गर्दा थोरै भए पनि दिगो र भुइँ वर्गका जनतालाई समेत विकास महसुश हुनेगरी विकास योजना सञ्चालन हुने बताउनुभयो ।

## बागमतीमा ३८ वटा मानव बेचबिखनको घटना दर्ता

**नेपाल प्रहरी, मानव बेचबिखन अनुसन्धान ब्युरो, सरकारी तथा गैरसरकारी संस्थाले मानव बेचबिखनविरुद्ध विभिन्न सचेतनामूलक काम गरे पनि बेचबिखनको घटनामा कमी आउन सकेको छैन ।**

जमुना थिङ

हेटौंडाः बागमती प्रदेशमा पछिल्लो चार वर्षमा ३८ वटा मानव बेचबिखनको घटना दर्ता भएको छ । आर्थिक वर्ष (आव) २०७८/७९ देखि २०८१/८२ को माघ मसान्तसम्म प्रदेशभित्र ३८ वटा मानव बेचबिखनको घटना प्रहरीमा दर्ता भएको हो ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार आव २०७८/७९ मा ७ वटा मानव बेचबिखनको घटना दर्ता भएको छ। यस्तै, आव २०७९/८० मा १७ वटा, आव २०८०/८१ मा ८ वटा र आव २०८१/८२ को माघसम्म ६ वटा मानव बेचबिखनको घटना दर्ता भएको छ।

नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरोका अनुसार नेपालमा आव २०७८/७९ मा मात्र कुवेतबाट ९६ जना, दुबईबाट २६ जना, ओमानबाट ३५ जना, म्यानमार, इराकसहित २३ राष्ट्रबाट ३ सय २४ जना पीडितको उद्दार भएको छ। उद्दार भएकामध्ये २ सय २६ जना महिला, ७३ जना पुरुष, २१ जना बालिका र ४ जना बालक छन्। अघिल्लो आर्थिक वर्ष २०७९/८० मा एक सय ५७ मानव बेचबिखनको मुद्दा दर्ता, एक सय ७८ जना पक्राउ र २ सय ५१ जना पीडितको उद्दार गरिएको छ । गत आर्थिक वर्ष २०८०/८१ मा एक सय ६६ मुद्दा दर्ता हुँदा एक सय ९५ जना पक्राउ र ५ सय ६ जनाको उद्दार गरिएको प्रहरीको तथ्यांक छ। चालु आव २०८१/८२ को पुस मसान्तसम्म ७४ मुद्दा दर्ता, एक सय ५ जना पक्राउ र४ सय ८ जनाको उद्दार गरिएको छ ।

नेपाल प्रहरी, मानव बेचबिखन अनुसन्धान ब्युरो, सरकारी तथा गैरसरकारी संस्थाले मानव बेचबिखनविरुद्ध विभिन्न सचेतनामूलक काम गरे पनि बेचबिखनको घटनामा कमी आउन सकेको छैन । बेचबिखनबाट पीडित १६ वर्षीया बालिकाले आफूलाई एक महिलाले १९ हजाररुपैयाँमा रोजगारी दिन्छु भन्दै यौन गतिविधिमा संग्लन गराएको बताउनु भएको छ । प्रहरीमार्फत् आफ्नो उद्दार भएर माइती नेपालको संरक्षणमा रहेको उहाँले बताउनुभयो।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार रुसी सेना, अन्य देशमा सुरुक्षा निकायमा भर्ना गराउने, नक्कली वर्किङ भिसा, शैक्षिक भिसा र विवाह अप्रबासी सहायताका नाममा विदेश पठाइदिन्छु भन्दै एजेण्टहरुले नेपालबाट विभिन्न मुलक लागेर बेच्ने गरेको अध्ययन तथा अनुसन्धानले देखाएको छ । विशेषगरी महिलालाई एजेण्टहरुले पासपोर्ट बनाई हवाइ भाडासमेत ब्यहोरेर भिजीट भिसामा दुबई हुँदै इराक, ओमान, कुवेत, म्यानमार र अन्य मुलुकमा पुऱ्याएर जबरजस्ती यौन शोषण, श्रम शोषण गराएको पाइएको प्रहरीको भनाइ छ ।

संगठित गिरोहले शिक्षित व्यक्तिलाई समेत अमेरिका र युरोपका विभिन्न देशमा लगेर जोखिमपूर्णरुपमा प्रयोग गरेको पाइएको छ । जोखिमपूर्ण यात्रा गर्दा कतिपयको मृत्युसमेत हुने गरेको छ भने गिरोहले परिवारलाई पैसा मागेर मानसिक तनावसमेत दिने गरेका छन्। जसले गर्दा समाजमा जनचेतनामूलक कार्यक्रम गर्ने, विदेश जानेको तथ्यांक स्थानीय निकायमा अनिवार्य राख्ने व्यवस्था गर्ने, रोजगारीका लागि जाने व्यक्तिहरुलाई वैदेशिक यात्राको लागि आवश्यक पर्ने शिक्षा दिने तथा गलत बाटोबाट जाँदा पर्ने असरका बारेमा जानकारी गराउने, सरकारले तोकेको निश्चित मापदण्ड पूरा गरेरमात्र वैदेशिक यात्रा गरिएमा मात्र मानव बेचबिखनको घटनामा कमी आउन सक्ने बागमती प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

गरिबी, अशिक्षा, अज्ञनता, बेरोजगारी, देखासिखी, पारिवारिक समस्या, प्रलोभन, आधुनिक सुविधाको उपयोग गर्नेजस्ता कारणले मानिसहरु बेचबिखनमा पर्ने गरेको बताइएको छ। छिमेकी देश भारतलगायत अन्य मुलकमा वेश्यालयमा र देशभित्रका डान्सबार, होटललगायतका क्षेत्रमा पनि महिलालाई यौन शोषणको गतिविधिका लागि बेच्ने गरेका छन् । विभिन्न संघसंस्थाले पीडितलाई आवश्यक सहयोग, समन्वय गर्दै न्याय दिलाउन र सामाजिक पुर्स्थापना गर्न विशेष पहल जरुरी देखिन्छ। मानव बेचबिखन गर्नेलाई २० वर्ष कैद र २ लाख रुपैयाँसम्म जरिवानाको कानुनी व्यवस्था छ ।

- **पैदलयात्रीले सडक पेटीको प्रयोग गर्ने गरौं ।**
- **जेब्रा क्रसिङ प्रयोग गर्ने पैदलयात्रीलाई बाटो काट्न**

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक



## सम्पादकीय

# डढेलोको उच्च जोखिम

नेपालको वन जंगलमा वर्षेनि डढेलो लाग्ने गरेको छ । फागुन, चैतबाट सुख्खा तथा गर्मी मौसम सुरु हुने भएकाले यस समय वर्षेनि वन जंगलमा डढेलो लाग्ने गर्छ । डढेलोको उच्च जोखिमयुक्त देशमध्ये नेपाल पनि अग्रस्थानमै पर्दछ । भौगोलिक विषमता र प्राविधिक पछौटेपनका कारण नेपालमा डढेलो नियन्त्रण प्रभावकारी हुने गरेको छैन । डढेलोको कारण वन जंगलका बहुमूल्य बोट विरुवा नष्ट हुनेमात्र होइन, दुर्लभ पशुपन्क्षीसमेत नाश हुन्छन् । डढेलोले सबै प्रकारको वन सम्पदा विनाश गर्नुका साथै अन्यत्र आगलागीको जोखिम पनि बढाउने गरेको छ । नेपालका तराई, चुरे क्षेत्र, भित्री मधेश तथा पहाडका वन जंगलमा लाग्ने डढेलोको कारण मानिसको घर-गोठमा समेत आगो सल्किएर थप धन-जनको क्षति हुने गरेको छ । वनमा डढेलो लाग्दा त्यसबाट निस्किएको धुवाँले वातावरणमा प्रतिकूल प्रभाव पार्ने गरेको छ । डढेलोका कारण हुने वायु प्रदूषण र त्यसबाट हुने असर पनि उत्तिकै जटिल समस्या बनिरहेको छ ।

डिभिजन वन कार्यालयले डढेलोबाट हुने जोखिम न्यूनीकरणका लागि करिब एक महिनाअघि सरोकारवालासँग बैठक राखेर डढेलोको उच्च जोखिम देखिएका सामुदायिक वनमा अग्निरेखा बनाउने निर्णय गरेको छ । वन क्षेत्रमा अग्निरेखा (खाडल) बनाएर डढेलो फैलन रोक्ने परम्परागत उपायबाहेक अन्य प्रभावकारी उपायतिर ध्यान जान सकेको छैन । डढेलोको सम्भावित जोखिम र त्यसबाट हुनसक्ने क्षति न्यूनीकरणका । लगि सामुदायिक वनमा अग्निरेखा बनाउने गरिएको छ । डढेलोको जोखिम बढी हुने फागुनदेखि जेठसम्म ४ महिनाका लागि सामुदायिक वनहरुमा डिभिजन वन कार्यालय हेटौंडाले सिमित संख्यामा अग्निनियन्त्रण टोली खटाएको भनेको छ । कार्यालयले अग्निनियन्त्रण सामग्री खरिद गर्नुका साथै सामुदायिक वन उपभोक्ता समूहलाई पनि खरिद गर्न लगाएको छ । आगामी चैत १ गतेदेखि ७ गतेसम्म साताव्यापी डढेलो सचेतना कार्यक्रम हुनेछ । आगलागी तथा डढेलो, काठ तथा वन्यजन्तु चोरी तस्करी, उद्वारलगायत डिभिजन वन कार्यालयसँग सम्बन्धित गुनासोका लागि टोलफ्रीमा सम्पर्क गर्न सक्ने व्यवस्था गरिएको छ ।

नेपालको सन्दर्भमा डढेलो लाग्ने कुनै प्राकृतिक कारण छैन । तर, गर्मी महिनाको सुरुवातसँगै नेपालका वन जंगलका विरुवाका पात झर्दछन् । चर्को घामका कारण झरेका पात सुक्छन् । गर्मी समयमा हावाहुरी चल्छ, जसले आगोको झिल्काहरु उडाएर लैजान्छ । सानो आगोको झिल्कोले पनि जंगलका सुकेका पात सल्किएर डढेलो लाग्दछ । जंगलमा जताततै सुकेका पात हुने भएकाले डढेलो चारैतिर फैलन्छ । धेरैजसो डढेलो भने मानवीय लापर बाहीले लाग्ने गरेको छ । नयाँ घाँस पलाउँछ भनेर डढेलो लगाउने परिपाटी छ । उसो त काठ, दाउरा र वन्यजन्तु तस्करले पनि डढेलो लगाउने गर्दछन् । कुनै सामुदायिक वनका पदाधिकारीसँगको रिसइवी साँध्न पनि डढेलो लगाइन्छ । रमाइलोका लागि डढेलो लगाउनेहरुको पनि कमी छैन । वन छेउका खेतबारीमा झारपात डढाउँदा, जंगल नजिकैका घरमा बालेको र वनभोज खान बालेको आगो राम्रोसँग ननिभाउँदा डढेलो लाग्ने गरेको पाइन्छ ।

यस वर्ष हिउँदमा राम्रोसँग पानी नपरेका कारण चाँडै सुख्खा र खडेरी सुरु भएको छ । गत वर्षभन्दा यस वर्ष पानी कम परेकाले डढेलोको जोखिम उच्च रहेको डिभिजन वन कार्यालयका हेटौंडाका वन अधिकृतको भनाइ छ । पर्याप्त वन क्षेत्र भएको मकवानपुरमा डढेलोको समस्या वर्षेनि देखिने गरेको छ । डढेलो तथा आगलागीबाट हुने जनधनको क्षति, जैविक विविधतामा ल्याउने ह्रास तथा वातावरण प्रदूषणको समस्याबाट बच्न सरोकारवालाहरु बढी सचेत हुनुपर्छ । वन जंगलमा डढेलो फैलिएपछि नियन्त्रण गर्न कठिन हुने भएकाले डढेलो लाग्नै नदिने उपायतर्फ ध्यान दिनु आवश्यक छ । डढेलोको उच्च जोखिम क्षेत्र पहिचान गरी डढेलो लाग्न नदिन र डढेलोबाट सुरक्षित हुन सचेतना प्रदान गर्नुपर्छ । डढेलो फैलन नदिने प्रभावकारी उपाय अपनाएर जानीजानी डढेलो लगाउने व्यक्ति पहिचान गरी आवश्यक कारवाही गर्न सकेमा डढेलो न्यूनीकरणको सम्भावना हुने देखिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : विपरित परिस्थितिलाई जितिने समय योग छ । |
| वृष | : व्यापार-व्यवसायबाट लाभ प्राप्त हुने समय छ । |
| मिथुन | : परोपकार र आनन्दमा मन जाने समय योग छ । |
| कर्कट | : हाँके ताकेका काममा पूर्णता प्राप्त हुने समय छ । |
| सिंह | : विश्वासको कमीले आपसी मनमुटाव बढ्ला । |
| कन्या | : भद्र भलादमीको संगतले काममा पूर्णता । |
| तुला | : सामाजिक उत्तरदायित्व बढ्ने समय योग छ । |
| वृश्चिक | : हिम्मत र साहसले काममा पूर्णता प्राप्त । |
| धनु | : नोकरीमा चुनौती र जोखिम झेल्ने समय छ । |
| मकर | : शत्रु र रोगमाथि विजय प्राप्त हुने समय छ । |
| कुम्भ | : परीक्षा, प्रतियोगितामा सरिक भइने समय योग छ । |
| मीन | : सामाजिक र धार्मिक काममा सरिक भइने छ । |

# परम्परागत शिक्षक आन्दोलन र हेपाहा शासकीय संस्कारको निरन्तरता



✍ रमेश प्रसाद लामिछाने

१. वि.सं. २०३६ अघिका शैक्षिक आन्दोलन असंगठित र छरपष्ट भएकै कारणले योजनावद्ध शैक्षिक आन्दोलनका लागि संगठन हुनैपर्ने आत्मबोधको परिणाम स्वरुप नेपाल राष्ट्रिय शिक्षक संगठनलाई सरकारी तबरबाट संस्थागत बैधानिकता दिलाउन शिक्षक संघर्ष-२०३६ सफल भयो । शिक्षक संगठनको नामबाट पंचायती ब्यवस्था अन्त्यका लागि उल्लेख्य आन्दोलन भएकै हुन् । यस अवधिका आन्दोलनको नेतृत्व बाहिर शिक्षकका नेता देखिए पनि भित्रि रुपमा तत्कालिन प्रतिबन्धित पार्टीहरुबाटै खासगरी तत्कालिन बामपन्थी नेतृत्वबाटै हुने गर्दथ्यो । पर्चा पम्पलेट तथा ब्यानरमा शिक्षकका माग पूरा गर भनेर उल्लेख भएता पनि भित्री रुपमा भने पंचायती शासन ब्यवस्थाको बिरुद्धमा यी आन्दोलन केन्द्रित थिए । शिक्षक विद्यार्थीको शैक्षिक आन्दोलन नै पंचायती ब्यवस्था अन्त्यको मूल कारक बनेको भन्दा अत्युक्ति नहोला । यो अवधिको शैक्षिक आन्दोलनमा भने राजनीतिक मुद्दाका अतिरिक्त शैक्षिक समस्याहरु हल गर्नमा समेत जोडिएको पाईन्छ । शिक्षकहरुले संघर्षबाटै स्थायी, शिक्षक सेवा आयोग,पेन्सन, उपादान, बिदा ब्यवस्था लगायतका कुराहरु प्राप्त गरेका हुन् ।

२. सरकारलाई शिक्षक विद्यार्थीको शक्ति कतिसम्म हुँदोरहेछ भन्ने राम्रो जवाफ दिएको ऐतिहासिक आन्दोलनहरु कदापि भुल्न सकिन्न । आन्दोलनको प्रकृति भिन्न थियो । भेला, बैठक, ज्ञापनपत्र पेश, नारा जुलुश, धर्ना, घेराउ, सांकेतिक हड्ताल, मौन जुलुश, लाल्टिन जुलुश, मैनबत्ति जुलुश, सामुहिक गिरफ्तारी, जेल भर आन्दोलन, कालोपट्टी बाँधेर कक्षा लिने, पेन डाउन, मौन कक्षा, विद्यालय बन्द, सदरमुकाम घेर्ने, काठमाडौं जाऔं, झटपट प्रदर्शन र तितरबितर, उभिएर प्रदर्शन, बसेर प्रदर्शन, काम बन्द, परीक्षा असहयोग, रिले अनशन, भोक हड्ताल, जस्ता आन्दोलनका विविध स्वरुपहरु प्रयोगमा आए । पंचायती ब्यवस्थाको अन्त्य पश्चात बहुदलीय शासन ब्यवस्थामा पनि आन्दोलन रोकिएन ।

३. वि.सं. २०६२/०६३ को जनआन्दोलनमा पनि शिक्षक विद्यार्थीको प्रत्यक्ष अप्रत्यक्ष संलग्नता भएकै हो । राजतन्त्रको अन्त्य पश्चात देश गणतन्त्रमा प्रवेश भएपछि पनि शैक्षिक आन्दोलन जारी रह्यो । कतिपय मुद्दाहरु फेरिए भने केहि नयाँ थपिए । आन्दोलनका प्रकृतिमा भने खासै फेरबदल देखिएन । शासकिय चरित्रमा पनि अपेक्षित सुधार नभएकै हो । पेशागत शिक्षक संगठनलाई विभाजन गरी सत्ताले फुटाउ र शासन गरको पंचायतकालकै नीतिको निरन्तरता दियो । शिक्षक विद्यार्थीका संगठनहरुमा राजनीतिक दलहरुले आफू अनुकूल हुनेगरी पर्याप्त टुक्राहरु बनाए । राजनीतिक पार्टीहरुले प्रत्यक्ष रुपमा हस्तक्षेप गरी शिक्षक विद्यार्थीलाई प्रयोग गरेकै हो भन्दा अत्युत्ति नहोला । परिणामतः दलिय निर्देशको अनुशरणकै कारणले पेशागत आन्दोलन ओझेलमा मात्र नभै औपचारिकतामा खुम्चिन बाध्य बनेको तथ्यमा दुईमत छैन ।

४. ब्यवस्था फेरियो, शासक फेरिए तर शिक्षक र विद्यार्थीलाई बुझ्ने शैक्षिक दृष्टिकोण बदलिएन । पेशागत नेतृत्व दलको आज्ञापालकबाट माथि उठ्न नसकेकै हो । आफ्नो मातृ पार्टी सरकारमा छ भने जस्तो सुकै शिक्षा नीति भएपनि नबोल्ने संस्कार पेशागत संगठनमा हावी भयो । त्यहि कारणले आधा शताब्दि सम्म पनि शिक्षा ऐन दिन सकेनन् । पछिल्ला दिनहरुमा सरकारकै निर्देशमा आन्दोलनको नाटक गर्ने र तत्काल सम्झौता गर्ने होडबाजी नै चल्यो भन्न सकिन्छ । दोश्रो संविधान सभाले वि.सं. २०७२मा लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी गर्दा संवैधानिक शिक्षा आयोग अटाएन जबकि दर्जनौं अरु आयोगहरु संवैधानिक बने । अझ, विद्यालय शिक्षाको अभिभारा स्थानियतहमा सुम्पिएर स्थानिय प्रतिनिधिहरुसँग शिक्षकहरुको अन्तरबिरोध फराकिलो बनाउने काम भएको छ ।

५. सत्र प्रकारका शिक्षक बनाईयो । पेशागत आवाजहरु सम्झौतामा सिमित गरिए । विद्यालय कर्मचारी त झन थोरै हुने भए त्यसमा पनि दलिय भागबण्डा गर्दा आन्दोलनको अर्थ रहेन । समस्याहरु उस्तै रहे । अझ नयाँ थपिन थाले । शिक्षकलाई बारम्बार दोषारोपण गर्ने संस्कार बसालियो । यस्को अर्थ सबै शिक्षकहरु दूधले धोएका हुन् भन्ने वकालत गर्न खोजिएको पटक्कै होईन । पछिल्लो दशकमा शिक्षक सेवा आयोगबाट परीक्षा लिई शिक्षक सिफारिस गर्ने काम सकारात्मक भन्नै पर्दछ । यद्यपि आयोगका कतिपय काम कार्बाही आलोच्य पनि बनेका छन् । विद्यालय देखि शिक्षा मन्त्रालय सम्म भ्रष्टाचारका समाचार थपिदैं जाँदा इमान्दारहरुको स्वाभिमानमा ठेस पुगेको तथ्य हामी बिर्सन सक्दैनौं ।

६. सरकारी दण्डहिनता हावी भएकाले शैक्षिक भ्रष्टाचार सतहमै आएको पाईन्छ । शिक्षा प्रशासन लथालिङ्ग छ भन्दा बिमति नहोला । शैक्षिक बिचौलियाका प्रभावमा प्राविधिक शिक्षा र तत्कालिन उच्च माध्यमिक तह झनै अस्तब्यस्त बनाईएको छ । उच्च शिक्षाको सबालमा त झनै भयावह स्थिति छ । कार्यरत शिक्षक कर्मचारीहरुको पेशागत स्थायित्वका सबालमा सरकार त सकारात्मक छैन नै । जिम्मेवार तहका जिम्मेवार नेतृत्वबाट बेलाबेलामा ब्यक्त गर्दै आएका अभिब्यक्ति यसका ज्वलन्त उदाहरण हुन् । सँगै, शिक्षकका नेतृत्व पनि स्पष्ट छैनन् वा भएर पनि सरकारी तावेदारीमै लिप्त देखिन्छन् । वर्तमान युगमा पनि शिक्षण पेशाकर्मीहरु प्रतिको शासकीय हेराई क्षुद्र र नकारात्मक हुनुलाई पीडादायी र बिडम्वनापूर्ण भन्नै पर्दछ ।

७. समय बदलियो । देशको शासन ब्यवस्था बदलियो । संविधान नयाँ बने । सरकार फेरिए । शिक्षक पृष्ठभूमीका ब्यक्तिहरु नै शिक्षा मन्त्रि बने । दलहरुका घोषणापत्रमा प्रत्येक पटक धेरै राम्रा शैक्षिक कुराहरु प्रस्तुत भएका छन् । तर अवस्था झनै अस्वस्थ र दयनीय बन्दै गएको छ । शिक्षकहरु अपहेलित र समस्याग्रस्त छन् । विद्यालय कर्मचारीहरु पीडा बोकेर बाँचिरहेका छन् । शिक्षा प्रशासनका कर्मचारीहरु खिन्न र निराश छन् । शैक्षिक जनशक्तिको बैदेशिक पलायनता थप भयाबह बन्दै गएको छ । समग्र विद्यालय शिक्षा प्रणालीमा नै रुपान्तरण नगर्ने हो भने भोलिको नेपाल वर्तमान भन्दा पनि पछाडि पर्ने सम्भावना टड्कारो छ । शिक्षा प्रणालीबाट बर्तमानका युवा सन्तुष्ट बन्न सकेनन् । अब उनीहरुमा आन्दोलन प्रति पनि विश्वास देखिएन । जीवन यापनका लागि बिदेशिने विद्यार्थीहरुको संख्यामा बृद्धि हुनु निश्चय नै राम्रो संकेत होईन । शिक्षक आन्दोलनले परिवर्तित सन्दर्भ महसुस गर्न सकेन भन्नै पर्दछ । आम परिवेश फेरिंदा पनि आन्दोलनको स्वरुप र शैली नफेरिनू आजको मुल समस्या हो ।

८. बिगतमा जब आन्दोलनले उचाई लिन्थ्यो, तब सरकारी दलालहरुले आफ्ना भरौटेहरुलाई आन्दोलनमा घुसपैठ गराई तिब्र दमन निम्त्याउने अनि सुराकी मार्फत नेतृत्व सिध्याउने परम्परा बसेको थियो । आज पनि सरकारी बिचौलियाहरु त्यहि काम फरक आवरणबाट संचालन गरिरहेका छन् जुन हाम्रा नेतृत्वले बुझेर पनि तमाशे बन्नु संदेहास्पद र आश्चर्यपूर्ण देखिन्छ । शिक्षक कर्मचारीका आन्दोलनमा भएका बारम्वारका उहि प्रकृतिका सम्झौताहरु नै प्रमाणका रुपमा लिन सकिन्छ । विद्यार्थीका आन्दोलनमा पनि तात्विक अन्तर देखिदैंन । अस्थायी शिक्षक आन्दोलन, राहत अनुदानमा कार्यरत शिक्षक आन्दोलन, ईसिडि शिक्षक आन्दोलन, तत्कालिन उच्च माध्यमिक दरबन्दिमा कार्यरत शिक्षकहरुको आन्दोलन, स्थायी शिक्षक आन्दोलन, प्रधानाध्यापकहरुको आन्दोलन, विद्यालय कर्मचारीहरु अर्थात नन टिचिङ्ग स्टाफको आन्दोलन, प्रशासनका कर्मचारीहरुको आन्दोलन, विद्यार्थी आन्दोलन यी सबै आन्दोलनहरु सम्झौतामा स्थगित बन्दै आएको बर्षौ बितेको छ । समस्या हल हुनुको बदला अझ थपिने क्रम जारी छ । स्वार्थ समूहहरुका स्वार्थ बाझेकै कारणले पेशागत आन्दोलन कमजोर बन्दै गएको र शासकहरुको शिक्षण पेशाकर्मीप्रतिको हेपाहा संस्कार नफेरिनुलाई दुर्भाग्यपूर्ण भन्नै पर्दछ ।

# राजावादीको यो प्रदर्शन, त्यो सुखानी हत्याकाण्ड !



✍राजकुमार सिग्देल



समयको चक्र पनि कस्तो भने कुनै बेला निरंकुश राजतन्त्रको विरुद्ध लाग्दा तत्कालीन शासकको आदेशमा गोली हानेर हत्यासम्म गरिन्थ्यो । सत्ताको विरोध वर्जित थियो । तर आज समय फेरिएको छ ।

फरक के भने त्यतिबेला जस्तो सत्ताको विरोध गर्दा गोली हान्ने परिस्थिति आज छैन । त्यतिबेलाको निरंकुश शासककै पक्षधरहरू सडकमा आएर जनयुद्ध र जनआन्दोलनको बलमा प्राप्त गणतान्त्रिक व्यवस्थालाई खुला रुपमा चुनौती दिइरहेका छन् ।

लोकतन्त्रको सुन्दर पक्ष भनेकै यही हो । जहाँ स्वतन्त्रता, मानवअधिकार तथा सबै किसिमका विचारको सम्मान हुने वातावरण छ ।

अझ भन्नुपर्दा वर्तमान व्यवस्थामा राजावादीदेखि सबै दलहरूले राजनीतिक स्वतन्त्रता उपभोग निर्धक्कसँग गर्न पाएका छन् । उनीहरूले आफ्ना विचार, विश्वास तथा राजनीतिक गतिविधिहरू स्वतन्त्र रूपमा अभिव्यक्त गर्न, समर्थन गर्न वा विरोध गर्न पाएका छन् । लोकतन्त्रको एउटा महत्त्वपूर्ण विशेषता नै राजनीतिक स्वतन्त्रता हो ।

२०२९ साल फागुन २१ गते तत्कालीन राजा नेतृत्वको पञ्चायती शासकले इलाम र झापाको सिमाना रहेको सुखानी जंगलमा झापा किसान आन्दोलनका चर्चित पाँच जना योद्धालाई गोली हानेर मारेका थिए । रामनाथ दाहाल, नेत्र घिमिरे, कृष्ण कुइँकेल, वीरेन राजवंशी र नारायण श्रेष्ठको हत्या भएको थियो र उनीहरू नेकपा झापा समितिले सञ्चालन गरेको 'वर्गशुत्र सफाया' अभियानका योद्धाहरू थिए ।

जुन अभियानका नेताहरुमध्ये एक थिए हाल प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली । सोही अभियानमा राधाकृष्ण (आरके) मैनाली, सीपी मैनाली, मोहनचन्द्र अधिकारी, भोगेन राजवंशी लगायत नेताहरू पनि थिए ।

पाँच जनाको हत्या भएको उक्त घटनापछि ओली त लामो समय फरार रहे । त्यतिबेलाको व्यवस्था यस्तो थियो कि दलहरू प्रतिबन्धित अवस्थामा थिए भने राजाको विरोधमा लाग्दा जसले जुनसुकै बेला ज्यान गुमाउनु पर्थ्यो ।

यद्यपि यो घटना नेपालमा कम्युनिस्ट आन्दोलनको एउटा ऐतिहासिक संघर्षको प्रतीक बन्यो भने नेपाली कम्युनिस्ट पार्टीले हरेक वर्ष फागुन २१ लाई 'सुखानी सहिद दिवस' को रूपमा मनाउने गर्छन् ।

संयोग पनि कस्तो भने सोही दिनको स्मरणमा बुधबार एमाले, माओवादीसहितका कम्युनिस्ट पार्टीले सुखानी हत्याकाण्डको स्मरणमा विविध कार्यक्रमहरु गरिरहँदा राजावादी पार्टी राप्रपाले भने राजधानीमा राजा फर्काउनुपर्ने माग गर्दै वृहद मोटरसाइकल र्‍यालीसहित विरोध सभाको

...बाँकी पृष्ठ ३ मा

# क्रान्तिकारी किसान महासंघको ३७ बुँदे माग

समाज संवाददाता

हेटौंडाः नेकपा माओवादी निटक अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) बागमती प्रदेश समितिले ३७ बुँदे माग पेश गरेको छ। बिहीबार महासंघ बागमती प्रदेश अध्यक्ष रामप्रसाद दहालसहितको टोलीले देश गरिबी, बेरोजगारी, असुरक्षा, अभाव र खाद्यान्न संकटको कुचक्रमा धकेलिइरहने भन्दै बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामालाई ज्ञापनपत्र बुझाउँदै ३७ बुँदै माग पेश गर्नुभएको हो।

उत्पादन र स्वामित्वका आधारमा किसानको वर्गीकरण गरेर किसान परिचयपत्र वितरण गर्नुपर्ने माग गरिएको छ। परिचयपत्रको आधारमा किसानलाई आवश्यक सेवा, सुविधा, सहुलियत, राहत, क्षतिपूर्ति र अनुदानको व्यवस्था गर्नुपर्ने माग छ। महासंघले खेतीयोग्य जमिनमा श्रमजीवी किसानको स्वामित्व एवम् पहुँचको व्यवस्थासँगै जमिन बाँझो राख्नेहरुमाथि कडा दण्ड जरिवानाको व्यवस्था हुने नीति तथा निमय लागू गर्नुपर्ने माग राखेको छ। कृषि औजार, रासायनिक तथा प्रांगारिक मल, बिउविजन, विषादीहरु समयमै सर्वसुलभ रुपमा उपलब्ध गराउन आवश्यक पहल गर्नुपर्ने माग गरिएको छ।

गत असोज १० देखि १२ गतेसम्म परेको अविरल वर्षाका कारण कृषिबाली तथा पशुपन्छी क्षतिको किसानले कुनै तहको सरकारबाट पनि क्षतिपूर्ति नपाएकाले पहल गर्नुपर्ने माग राखेका छन्। किसान र कृषिसँग सम्बधित कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, उर्जा तथा सिंचाइ मन्त्रालय, वन तथा वातावरण मन्त्रालयबिचमा अन्तरमन्त्रालय समन्वय प्रभावकारी बनाई कृषि विकासका कार्यक्रमहरुलाई एकीकृत तरिकाले अगाडि बढाउनुपर्ने माग पेश गरिएको छ।

किसान र कृषि क्षेत्रसँग सम्बन्धित नीतिगत, व्यावसायिक र व्यवहारिक समस्यालाई सूत्रबद्ध गरी अघि सारिएका मागलाई आगामी नीति तथा कार्यक्रममा समावेश गरी पूरा गर्न ध्यानाकर्षण गराइएको किसान महासंघका अध्यक्ष दहालले जानकारी दिनुभएको छ। क्रान्तिकारी किसान महासंघले समाजमा अवशेषका रुपमा रहेको शोषण, उत्पीडन, हैकम र विभेद, साम्राज्यवाद, विस्तारवादबाट देश तथा देशबासीमाथि भइरहेको एकाधिकार र हस्तक्षेपको अन्त्य हुनुपर्ने माग गरेको छ। मुलुकका बहुसंख्यक किसान, मजदुर, भूमिहीन सुकुम्बासी, श्रमजीवी, उत्पीडित सर्वहारा वर्गलाई 'जमिन जोत्नेको' नीतिको आधार मा क्रान्तिकारी भूमिसुधार लागू गर्दै जमिनलगायतका उत्पादनका श्रोत र साधनहरूमा स्वामित्व र अधिकार स्थापना गर्ने लक्ष्य रहेको उहाँले बताउनुभयो।

प्रत्येक वर्ष बागमती प्रदेशमा उत्पादन हुने प्रमुख कृषि बालीहरुको न्यूनतम समर्थन मूल्य निर्धारण गर्नुपर्ने र किसान प्रतिनिधिको अनिवार्य सहभागिता हुने संयन्त्रको विकास गर्नुपर्ने माग गरिएको छ। प्रदेश सरकारले हरेक कृषि उपजको बजारको ग्यारेन्टी गर्नुपर्ने, जडीबुटी लगायत कृषिजन्य वस्तुहरुको प्रशोधन, पुनःउत्पादन गर्न उद्योग स्थापना गर्नुका साथै भण्डारण गर्न गोदाम, शीतभण्डारको व्यवस्था गर्नुपर्ने बताइएको छ। कृषिमा प्राविधिक सेवा प्रभावकारी बनाउन प्रत्येक पालिकामा कृषि सेवा केन्द्र स्थापना गरी कृषि, पशु र कृषि सूचना तथा बजार प्राविधिक नियुक्त गर्नुपर्ने माग गरिएको छ। कृषि प्रसारको साथै ज्ञान, सीप र सूचनालाई प्रभावकारी बनाउनसमेत माग गरिएको छ। स्वदेशी, स्थानीय र रैथाने बिउहरुलाई प्रवर्द्धन गर्ने कार्यक्रमहरु प्राथमिकताका साथ लागू गर्नुपर्ने, जैविक विविधतामा आधारित दिगो कृषि र प्राङ्गारिक खेती प्रणाली लागू गर्नुपर्ने, अनुवंश हेरफेर गरिएका बाली र जीवजन्तु (जिएमओ) माथि प्रतिबन्ध लगाउनुपर्ने माग छ।

हरेक जिल्लामा प्राङ्गारिक र जैविक मल उत्पादन कारखाना सञ्चालन गर्नुपर्ने, प्राङ्गारिक तथा जैविक मल र विषादी उत्पादन गर्ने राष्ट्रिय उद्योगहरुलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गर्नुपर्ने, जडीबुटी नर्सरी, उत्पादन, प्रशोधन, ढुवानी र बिक्री वितरणको कार्यलाई प्रोत्साहन र प्रवर्द्धन गरी जडीबुटी उत्पादन र उद्योग सञ्चालनमा अनुदान व्यवस्था गर्नुपर्ने बताइएको छ। जडीबुटी र आयुर्वेदिक औषधिको निर्यात र अन्तर्राष्ट्रिय बजार का लागि प्रभावकारी सहजीकरण गर्नुपर्ने माग गरिएको छ। जडीबुटी सहकारीलाई प्रवर्द्धन, प्रोत्साहन र प्राथमिकताका साथ सञ्चालन गर्नका लागि जडीबुटीको संकलन र ढुवानीलाई सरलीकरण गर्नुपर्ने बताइएको छ। तरकारी बजारमा किसानका उत्पादनले सहजरुपमा बजार नपाउने समस्या समाधानको माग समेत गरिएको छ।

# मातृभूमि जनजागरण कार्यक्रम

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय मातृभूमि पार्टी मकवानपुरले प्रथम स्थापना दिवसको अवसरमा मातृभूमि जनजागरण तथा झाडुकुचो कार्यक्रम आयोजना गरेको छ। बिहीबार हेटौंडाको बुद्धचोकमा कुशासन र भ्रष्टाचारको विरोध गरौं, सुशासन र सदाचार कायम गरौं, जागौं नेपाली उठौं नेपाली, भ्रष्टाचार र बेथितिको विरुद्ध जुटौं नेपाली भन्ने नारासहित कार्यक्रम आयोजना गरिएको हो।

राष्ट्रिय मातृभूमि पार्टी मकवानपुरका संयोजक अर्जुन पाठकको अध्यक्षता तथा केन्द्रीय वरिष्ठ नेता केभी लिम्बुको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो। लिम्बुले देशको अवस्था र व्यवस्था बदल्न आवश्यक रहेको बताउनुभयो। राजावादी, धर्मवादी, पहिचानबादी जोड्न आग्रहसमेत गर्नुभयो।

प्रजातान्त्रिक समूह एक भएर भ्रष्टाचारीलाई मृत्युदण्ड दिने नीति ल्याएमात्र मुलुकमा सुशासन कायम हुने उहाँको भनाइ छ। काठमाडौंबाट सुरु गरिएको कार्यक्रम बिहीबार हेटौंडामा आयोजना गरिएको हो। शुक्रबार वीरगञ्जमा कार्यक्रम गरेर कोशी प्रदेशमा पुगी कार्यक्रम समापन हुने बताइएको छ।

# आयुर्वेद तथा वैकल्पिक चिकित्सालयको अध्यक्षमा ढकाल



*मन्त्री किरण थापासँग नियुक्तिपत्र बुझ्नुहुँदै नवनियुक्त अध्यक्ष अर्जुन ढकाल।*

समाज संवाददाता

हेटौंडा : आयुर्वेद तथा वैकल्पिक चिकित्सालय मकवानपुरको सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्षमा हेटौंडाका अर्जुन ढकाल नियुक्त हुनुभएको छ। बागमती प्रदेश सरकारका स्वास्थ्य मन्त्री किरण थापाले बुधबार मन्त्रीस्तरीय निर्णयबाट ढकाललाई अध्यक्ष नियुक्त गर्ने निर्णय गर्नुभएको हो।

नवनियुक्त अध्यक्ष ढकालले बिहीबार बिहान मन्त्री थापाबाट नियुक्तिपत्र बुझ्नु भएको छ। नवनियुक्त अध्यक्षको कार्यकाल ४ वर्षको हुनेछ। चिकित्सालय हेटौंडा-२ मा रहेको छ। अहिले भाडाको घरमा सञ्चालन भइरहेको चिकित्सालयको हेटौंडा उपमहानगरपालिकाको कार्यालय अगाडि १६ सैय्याको चिकित्सालय सञ्चालन गर्न मिल्ने गरी भवन निर्माणाधिन छ।

२०८२ बैशाखसम्ममा निर्माण कम्पनिले भवन हस्तान्तरण गर्ने बताइएको छ। आयुर्वेद तथा वैकल्पिक चिकित्सालयमातहत मकवानपुरको थाहा नगरपालिकासँगै मनहरी, बकैया, बागमती, इन्द्रसरोवर र कैलाश गाउँपालिका नागरिक आरोग्य केन्द्र सञ्चालनमा रहेको छ।

# पोखरा प्रवर्द्धन टोली हेटौंडामा

समाज संवाददाता

हेटौंडाः जाउँ है पोखरा अभियानको क्रममा हेटौंडा आइपुगेको टोलीलाई होटल एसोसिएसन मकवानपुरले स्वागत गरेको छ। आन्तरिक पर्यटन प्रवर्द्धनका लागि जाउँ है पोखरा भन्ने मूल नाराका साथ हेटौंडा आइपुगेको होटल व्यवसायी संघ पोखराका पदाधिकारीको टोलीलाई बिहीबार एक कार्यक्रमबीच स्वागत गरिएको हो।

पूर्वी नेपालको जनकपुर, इटहरी, धरान हुँदै होटल व्यवसायी संघ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीसहित २५ जना पदाधिकारीहरु बुधबार हेटौंडा आइपुगेका थिए। टोलीले पोखरा क्षेत्रको पर्यटकीय स्थलको भिडियोसहित प्रस्तुतीकरण गरेको थियो। कार्यक्रममा अभियान टोलीका सदस्य एवम् मकवानपुर होटल एसोसिएसनका पदाधिकारीसमेत ६५ जनाको उपस्थिति रहेको मकवानपुर होटल एसोसिएसनका महासचिव हरि सापकोटाले जानकारी दिनुभएको छ।

पोखराका होटल व्यवसायीले दुई दशकअघि सुरु गरेको जाउँ है पोखरा अभियानलाई यसवर्ष पनि निरन्तरता दिएको उहाँले बताउनुभयो। आन्तरिक पर्यटन विकासका लागि व्यावसायिक सहकार्य र पर्यटन प्रवर्द्धनको मुख्य उद्देश्यले कार्यक्रम आयोजना गरिएको उहाँले बताउनुभयो।

देशमा १० वर्षे द्वन्द्व चल्दै गर्दा सुरु गरिएको यस अभियानको प्रभाव सकारात्मक पर्दै गएको बताइएको छ। गण्डकी प्रदेश-नेपाल पर्यटन बोर्डको मुख्य प्रबर्द्धनमा गत फागुन १८ गतेदेखि फागुन २२ गतेसम्म पूर्वी नेपालका ठूला शहर समेटेर अभियान सञ्चालन गरेको बताइएको छ। यस क्षेत्रका पर्यटकलाई पोखरा पठाउने र पोखराबाट समेत पर्यटकलाई पूर्व ल्याउने प्रमुख उद्देश्य रहेको बताइएको छ।

गत चैत ४ गते पोखरा औपचारिकरुपमा पर्यटनको राजधानी घोषणा भएको थियो। गत माघ महिनामा चिनियाँ पक्षसँगको सहकार्यमा भ्रमण वर्षसमेत घोषणा गरिएको बताइएको छ। आन्तरिक पर्यटन प्रवर्द्धनकै लागि संघले फेवा नववर्ष महोत्सव, भाइटीका महोत्सव, खाना महोत्सव र खेलकुद कार्यक्रमसमेत गर्दै आएको छ। साथै, बाह्य पर्यटन प्रबर्द्धनका लागि भारतीय शहरहरुमा 'चलिए पोखरा' अभियान सञ्चालन गर्ने गरिएको छ।

यसैगरी, अन्तर्राष्ट्रिय बजारमा हुने विभिन्न ट्राभल मार्टहरुमा समेत संघले सहभागिता जनाउँदै आएको छ। पोखरामा बञ्जी जम्पिङ, जीप लाइनिङ, विभिन्न मठमन्दिरहरुमा सन्ध्याकालीन आरती, केबलकार, प्याराग्लाइडिङ, अल्ट्रालाइट, क्यानोनिङलगायत दर्जनौं पर्यटकीय सेवा उपलब्ध रहेकाले पोखरा नेचर, कल्चर र एड्भेञ्चर सन्दर्भमा पर्यटकीय गन्तव्य भएको बताइएको छ। नेपाली कला र संस्कृतिको संरक्षण र सम्बर्द्धनको मुख्य उद्देश्यले पर्यटन, संस्कृति र खानालाई जोड दिएर संघले आगामी चैत ३० देखि वैशाख १ गतेसम्म फेवा तालको किनार लेकसाइडमा २० औं फेवा नववर्ष महोत्सव २०८२ समेत आयोजना गर्न लागेको उहाँले बताउनुभयो।

होटल व्यावसायी संघ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीको अध्यक्षता तथा बागमती प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री अमन मास्केको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो।

## राजावादीको यो...

आयोजना गऱ्यो।

तर, अहिले फरक के छ भने सुखानी काण्डको बेलाजस्तो कहालीलाग्दो अवस्था आज छैन। बिना कुनै डरत्रास राजावादीहरुले छाती फुलाएर आफ्नो माग सडकमा प्रस्तुत गर्न पाए भने वर्तमान व्यवस्थाको न्वारनको बल लगाएर विरोध गरे।

यसरी विरोध गर्दा राज्यले राप्रपालाई न कुनै हस्तक्षेप गऱ्यो न त पञ्चायतको जस्तो गोली खानुपर्ने डर नै। उनीहरुले निर्धक्कका साथ आफ्नो माग राख्दै वर्तमान व्यवस्थाको कटु आलोचना गरे। राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन, महामन्त्री धवलशमशेर राणासहितका नेता कार्यकर्ताले सडकमा उभिएर वर्तमान व्यवस्थाको आलोचना गर्दै 'हाम्रो राजा हाम्रो देश, प्राण भन्दा प्यारो छ, राजा आऊ देश बचाउ, भ्रस्ट सरकार मुर्दावाद जस्ता...' नारा मात्रै लगाएनन् यो संघीयता, धर्मनिरपेक्षता समाप्त गरेर पुरानै व्यवस्था फर्काउन लाग्ने समेत उद्घघोष गरे। उनीहरूले आम जनताले यो व्यवस्था उल्ट्याउनका लागि भूमिका खेल्नुपर्नेमा समेत जोड दिए।

राप्रपाका महामन्त्री तथा आन्दोलन परिचालन समितिका संयोजक धवलशमशेर राणाले त अब आफूहरू राजतन्त्र फर्काउनका लागि जनआन्दोलन ३ को तयारीमा लागेको समेत बताए। चैत महिनामा लाखौंको संख्यामा जनता उतारेर यो सत्ता, व्यवस्था र अवस्था परिवर्तन गर्नका लागि अगाडि बढेको समेत बताए।

अहिले सत्ताको नेतृत्व गरिरहेका ओली तिनै हुन्, जो सुखानी हत्याकाण्डका हर्ताकर्ता र सोही काण्डपछि ज्यान बचाउन फरार रहनु पऱ्यो। संयोग नै मान्नुपर्छ अहिले तिनै ओली सत्तामा हुँदा समेत ठुलो बलिदानीबाट प्राप्त वर्तमान व्यवस्थाको विरोध गर्न पाएका छन्।

जबकि ओलीलाई त्यो व्यवस्थामा फाँसी चढाइन सक्थ्यो। त्यस्तो व्यवस्था हटाउन जनयुद्ध, दुई पटकसम्म जनआन्दोलन र मधेससहितका अनेकन् आन्दोलन भए। त्यही आन्दोलनहरूको जगमा अहिले गणतन्त्र आएको छ।

आफ्नै अलोकप्रिय गतिविधि र व्यवहारले राजतन्त्र इतिहास बनेको यथार्थ हो। तर, अझै पनि त्यो निरंकुशतन्त्र फर्काउन राजावादीले चलाइरहेको अभियान हेरेर हिजोको त्यो कहालीलाग्दो सुखानी हत्याकाण्ड भोगेर आएका प्रधानमन्त्री ओलीको मानसपटलमा के खेलिरहेको होला? *(स्रोतः रातोपाटी)*


बागमती प्रदेश सरकार

## श्रम, रोजगार तथा यातायात मन्त्रालय

हेटौँडा, मकवानपुर, नेपाल

### सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/११/२३)*

प्रस्तुत विषयमा बागमती प्रदेश सरकार, श्रम, रोजगार तथा यातायात मन्त्रालयको आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम र प्रदेश कार्यक्रम संयोजक/आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता छनौट सम्बन्धी कार्यविधि, २०८१ अनुसार सुरक्षित आप्रवासन (सामी) कार्यक्रम तर्फ देहायका पदका लागि बागमती प्रदेश भित्रका नागरिकहरूबाट सूचना प्रकाशन भएको मिति देखि ७ (सात) दिन भित्र यस मन्त्रालयमा दरखास्त पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ।

**देहाय**

| क.सं. | विज्ञापन नं. | पद | श्रेणी/तह | माग पद संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|
| १ | १/२०८१/८२ | प्रदेश कार्यक्रम संयोजक | अधिकृत सातौं | १ जना श्रम, रोजगार तथा यातायात मन्त्रालय, बागमती प्रदेश | रु. १०००/- |
| २ | २/२०८१/८२ | आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता | पाँचौं तह ५ जना आप्रवासी | स्रोत केन्द्रहरू (१/१ जना प्रति जिल्ला) रसुवा, काठमाडौं, ललितपुर, दोलखा र चितवन (सम्बन्धित जिल्लावासीलाई विशेष प्राथमिकता दिनेछ।) | रु. ७००/- |

**आवश्यक न्यूनतम शैक्षिक योग्यता**:

**(१) प्रदेश कार्यक्रम संयोजक पदका लागिः**

(क) नेपाली नागरिकताको प्रमाण पत्र र निवेदन

(ख) न्यूनतम प्रवीणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण भएको,

(ग) परामर्श कार्य वा सामाजिक परिचालनमा कम्तीमा ३ वर्षको कार्यानुभव भएको, स्थानीय भाषा जानेको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानून विषयको शैक्षिक योग्यता भएकालाई विशेष प्राथमिकता दिईनेछ।

(घ) कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel, power point, Email/internet आदि भएको) नेपाली र अंग्रेजी भाषामा प्रतिवेदन तयार गर्न सक्ने।

**(२) आप्रवासी स्रोत केन्द्र सहजकर्ता पदका लागि**:

(क) नेपाली नागरिकताको प्रमाण पत्र र निवेदन,

(ख) मानविकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानुन वा सम्बन्धित अन्य विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण भएको,

(ग) अधिकृतस्तर वा सो भन्दा माथिल्लो तहमा ५ वर्षको कार्य अनुभव भएको, स्थानीय तथा प्रदेश सरकारसँग निकटतम समन्वय र सहकार्यमा सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको, क्षमता विकास तथा प्रशिक्षण क्रियाकलाप सञ्चालन गरेकोलाई प्राथमिकता दिईनेछ।

(घ) कम्प्युटर सम्बन्धी ज्ञानका साथै Ms Office -Word, Excel, PowerPoint, Outlook, Email, Internet, KOBO Tool) सहजरूपमा चलाउन सक्ने र नेपाली र अंग्रेजी दुवै भाषामा टाइप गर्न सक्ने क्षमता भएको।

(ङ) नेपाली र अङ्गेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने।

**(३) दरखास्त दिने स्थान**: श्रम, रोजगार तथा यातायात मन्त्रालय, बागमती प्रदेश, हेटौंडा। (दरखास्त फाराम उल्लेखित कार्यविधिको अनुसूची-१ डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।)

**(४) दरखास्त दिने अन्तिम मितिः** प्रथम पटक सूचना प्रकाशित मितिले ७ (सात) दिनसम्म (माथि उल्लेखित अन्तिम मितिका दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट)।

**(५) छनौटको किसिमः** संक्षिप्त सूची प्रकाशन, लिखित तथा अन्तरवार्ता।

**(६) सेवा सुविधाः** बागमती प्रदेश सरकारको प्रचलित नियम बमोजिम।

**(७) उमेरः** दरखास्त दिने अन्तिम मितिसम्म २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने छ।

**(८) राजस्व बुझाउने खाताको विवरणः** (उल्लेखित राजस्व शीर्षकमा दाखिला गरी सक्कल बैंक भौचर पेश गर्नुपर्नेछ।)

राजस्व शीर्षकः परीक्षा शुल्क (१४२२४)
खाता रहेको बैंकः राष्ट्रिय वाणिज्य बैंक, हेटौंडा
कार्यालय कोडः ३७१००३२०१३, श्रम, रोजगार तथा यातायात मन्त्रालय, बागमती प्रदेश, हेटौंडा
(सूचना सम्बन्धी थप जानकारीका लागि ०५७-५९०३६२ मा सम्पर्क गर्न सकिनेछ।)

# राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिता सुरु



बल नियन्त्रणमा लिने प्रयास गर्दै ।

समाज संवाददाता

हेटौंडाः दशौं संस्करणको हेटौंडा र ाष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिता सुरु भएको छ। बिहीबारबाट हेटौंडा-४, हुप्रचौर मा सुरु भएको राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिताको उद्घाटन हेटौंडा उपमहानगरपालिकाकी नगर प्रमुख मीनाकुमारी लामाले गर्नुभएको हो ।

प्रतियोगिताको पहिलो खेलमा काठमाडौंको बानेश्वरी फ्रेण्डसीप भेट्रान्सले विजयी सुरुवात गरेको छ । साविक विजेतासमेत रहेको बानेश्वरी भेट्रान्सले वीरगञ्ज सिटी भेट्रान्स क्लबलाई १-० गोलले पराजित गरेको छ । बानेश्वरीको जीतम अन्तिम समयमा हरिहर खड्काले निर्णायक गोल गरे । खेलको म्यान अफ द म्याच गोलकर्ता खड्का नै घोषित भएका छन् ।

बिहीबार भएको दोस्रो खेलमा बौद्ध भेट्रान्स विजयी भएको छ । वीरगञ्ज युथ क्लबलाई २-० गोलले हराउँदै बौद्ध भेट्रान्स विजयी भएको हो। बौद्ध भेट्रान्सको तर्फबाट पहिलो हाफमा उमन मुक्तानले गोल गरेका थिए। दोस्रो हाफमा राजु परियारले गोल गरेका थिए । म्यान अफ द म्याच परियार घोषित भएका छन् ।

यस्तै, एबीसी भेट्रान्स र भुटनदेवी भेट्रान्सबीचको खेल गोलरहित बराबरीमा रोकिएको छ । समय अवधि कम भएका कारण उक्त खेलको निर्णय शुक्रबार बिहान १० बजे ट्राइब्रेकरबाट हुनेछ। प्रतियोगिता देशका विभिन्न स्थानका १५ वटा भेट्रान्स क्लबको सहभागिता रहेको छ ।

प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख ५० हजार ५ सय ५५ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ। उपविजेता टिमले ७५ हजार ५ सय ५५ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ। प्रतियोगिताको म्यान अफ द सिरिजले १० हजार रुपैयाँ, सर्वोत्कृष्ट प्रशिक्षक, सर्वोत्कृष्ट फरवार्ड, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेन्स र उत्कृष्ट मिडफिल्डरले जनही ५ हजार रुपैयाँ नगद पुरस्कारसहित ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

हेटौंडा भेट्रान्स क्लबका संयोजक नवराज बज्राचार्यको सभाध्यक्षमा भएको उद्घाटन कार्यक्रममा हेटौंडा उपमहानगर पालिका ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देल, ५ नम्बर वडा अध्यक्ष सुशील घिमिरे, ८ नम्बर वडा अध्यक्ष रामकृष्ण थापा, ११ नम्बर वडा अध्यक्ष जुना दहाल, अखिन नेपाल फुटबल संघ (एन्फा) का केन्द्रीय सदस्य तथा मकवानपुर जिल्ला फुटबल संघका अध्यक्ष टीकाराम लामा, बागमती प्रदेश फुटबल संघका महासचिव लवराज ठकुरी, मकवानपुर जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख माधव कोइरालाको आतिथ्य रहेको थियो ।

# हेटौंडाका सोमले जिते ३ लाख राशिको स्नुकर उपाधि




समाज संवाददाता

हेटौंडाः रुपन्देही जिल्लाको बुटवल उपमहानगरपालिकामा भएको प्रथम संस्करणको अल नेपाल बुटवल मेयरकप खुला स्नुकर प्रतियोगिताको उपाधि हेटौंडा उपमहानगरपालिकाका स्नुकर खेलाडी सोम लामाले जित्नुभएको छ । बिहीबार बुटवलको सिंह कम्प्लेक्सस्थित खस्यौली स्नुकर क्लबमा सम्पन्न भएको फाइनल खेलमा घरेलु टोली बुटवलका सरोज गौतमलाई ७-५ को सेटले हराउँदै हेटौंडाका लामाले सर्वाधिक राशिको स्नुकर प्रतियोगिताको उपाधि जित्नुभएको हो ।

प्रतियोगिताको उपाधि जितेसँगै लामाले ३ लाख ३ हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नुभएको छ। यस्तै, उपविजेता बन्नु भएका बुटवलका गौतमले एक लाख एक हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नुभएको छ। प्रतियोगिताको हाइस्कोर ब्रेकर बन्न सफल हुनु भएको हेटौंडाका लामाले ५५ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नुभएको छ।

मंगलबार भएको क्वार्टरफाइनल खेलमा लामाले काठमाडौं महानगरपालिकाका कुमार शाहीलाई ५-१ को सेटले पराजित गर्दै सेमिफाइनलको यात्रा पूरा गर्नुभएको थियो । यसअघि बुटवलका गणेश दर्लामी मगरलाई हराउँदै उहाँले टप १६ मा स्थान बनाउनुभएको थियो । पाल्पाका कुनाल श्रेष्ठलाई ५-२ को सेटले पराजित गर्नुभएका लामाले क्वार्टरफाइनलको यात्रा पूरा गर्नुभएको थियो। हेटौंडाकै प्रतिनिधित्व गरेर प्रतियोगितामा सहभागी हुनुभएका अर्का खेलाडी नितेश खण्डेलवाल बुटवलका रेगन श्रेष्ठसँग ५-१ को सेटले क्वार्टरफाइनलमा पराजित हुनुपरेको थियो । क्वार्टरफाइनल चरणसम्म प्रवेश गर्नुभएका खण्डेलवालले पमाणपत्र तथा मायाको चिनो प्राप्त गर्नुभएको छ ।

नेपाल बिलियार्डस् स्नुकर एण्ड पुल एसोसिएसन रुपन्देही र खस्यौली स्नुकर क्लबको संयुक्त आयोजनामा सञ्चालन भएको प्रतियोगितामा हेटौंडासहित २ सय ५० जना भन्दा बढी स्नुकर खेलाडीहरुको सहभागिता रहेको थियो । प्रतियोगितामा हेटौंडाको प्रतिनिधित्व गरेर हेटौंडा मेयर कप स्नुकर प्रतियोगिताको उपाधि विजेता प्रयास कर्माचार्य, उपविजेता जिनेश श्रेष्ठ, तृतीय हुनु भएका मिथुन लामा, बिनय लामा, नितेश खण्डेवाल, सृजना कार्की र नवीन गुरुङ पनि प्रतियोगितामा सहभागी भएको बुद्ध स्नुकर हाउसका सञ्चालक पूर्णभक्त लामाले जानकारी दिनुभएको छ । प्रतियोगितामा रुपन्देही, काठमाडौं, पोखरा, धरान, ललितपुर, भक्तपुर, नारायणगढ, इटहरी, बिर्तामोड, बनेपा, परासीलगायतका ठाउँबाट खेलाडीहरु सहभागी भएको उहाँले बताउनुभयो ।

बुटवल स्नुकर क्लबका अध्यक्ष सुजन पुनको सभाध्यक्ष तथा बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेको प्रमुख आतिथ्यमा प्रतियोगिताको पुरस्कार वितरण समारोह भएको हो । पुरस्कार वितरण समारोहमा विभिन्न खेलक्षेत्रमा आवद्ध भएका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

# प्रदेश टिममा मकवानपुरका ४ जना

समाज संवाददाता

हेटौंडाः राष्ट्रियस्तरको प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिताका लागि बागमती प्रदेशको टिम घोषणा गरिएको छ । बागमती प्रदेश क्रिकेट संघले पृथु बास्कोटाको कप्तानीमा १५ सदस्यीय टिम घोषणा गरेको मकवानपुर जिल्ला क्रिकेट संघका सचिव विनोदकुमार बानियाँले जानकारी दिनुभएको छ ।

प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिताका लागि मकवानपुरबाट सुमन सुनार, रिजन ढकाल, शुभ कंसाकार छनौटमा पर्न सफल भएका छन् । यस्तै, साकार गजुरेल भने अतिरिक्तमा पर्न सफल भएको संघका सचिव बानियाँले बताउनुभयो । प्रतिश जिसी, सूर्य तामाङ, रित गौतम, सुमन सुनार, गौतम केसी, विपिन आचार्य, सौरभ सखर्मी, आशुतोष घिरैया, इसान पाण्डे, सोनु देवकोटा र विवेक राना मगर प्रतियोगिताका लागि छनोट भएका छन् । अतिरिक्त समूहमा आदिल खान, तिलकराज भण्डारी, प्रतीक श्रेष्ठ र उत्तम थापा मगर छनोट भएका छन् ।

मकवानपुरका खेलाडी गजुरेलले पहिलो पटक प्रधानमन्त्री क्रिकेट कपको राष्ट्रियस्तरको प्रतियोगितामा सहभागी हुने अवसर पाएको सचिव बानियाँले बताउनुभयो । बायाँ हाते स्पिनर बलर गजुरलले प्रदेशस्तरीय छनोट प्रतियोगितामा उत्कृष्ट प्रदर्शनी गर्न सफल भएको उहाँले बताउनुभएको छ । ललितपुरसँगको फाइनल प्रतिस्पर्धामा गजुरेलले उत्कृष्ट प्रदर्शनी गर्दै ४ विकेट लिएका थिए । उनले १० ओभर बलिङ गरेर ५ ओभर मेडन राख्दै ललितपुरको ४ विकेट लिएका हुन् । अतिरिक्त समूहमा परेका गजुरेलले १४ जना खेलाडीमध्ये कोही खेल्न असमर्थ भएमा खेल्ने मौका पाउनेछन्। प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिता भोलि शनिबारबाट हुने उहाँले बताउनुभयो । ७ प्रदेश र ३ वटा विभागीय टोलीको सहभागितामा सञ्चालन हुने प्रतियोगिता लुम्बिनी प्रदेशमा सञ्चालन हुने उहाँले बताउनुभयो ।

## प्रदेशस्तरीय प्रधानमन्त्री कप क्रिकेट

# फाइनलमा मकवानपुर पराजित




उपाधि विजेता ललितपुरको टिम ।

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेश क्रिकेट संघले आयोजना गरेको प्रधानमन्त्री कप क्रिकेट छनोट प्रतियोगितामा मकवानपुर फाइनलमा पराजित भएको छ। बिहीबार काठमाडौंको मूलपानी क्रिकेट मैदानमा भएको फाइनल खेलमा ललितपुरसँग हार व्यहोर्दै मकवानपुर उपविजेता बनेको छ।

टस जितेर पहिले फिल्डिङ रोजेको मकवानपुरले ललितपुरलाई मध्यम स्कोर मै रोकेको थियो । पहिले व्याटिङ गरेको ललितपुर ४७ ओभर ३ बलमा १ सय ९२ रनमा अलआउट भयो । ललितपुरका लागि आदिल खानले ५५ रन, सूर्य तामाङले ३६ रन, आशुतोष घिरैयाले २८ रन, रोनिम तिवारीले २३ रन र विवेक राना मगरले २२ रन जोडे । मकवानपुरका लागि साकार गजुरेलले उत्कृष्ट बलिङ गरे । साकारले १० ओभर बलिङ गर्दा ५ ओभर मेडन राख्दै ललितपुरको ४ विकेट लिए । साकारले २२ रन मात्रै खर्चिए। मकवानपुरका समीर चौलागाईले २ विकेट लिए ।

१ सय ९३ रनको लक्ष्य लिएर जवाफी व्याटिङमा उत्रिएको मकवानपुर ३९ ओभर ५ बलमा १ सय २७ रन बनाउँदै अल आउट हुन पुग्यो। मकवानपुर का विशाल फुयाँलले सर्वाधिक ४१ रन बनाएका थिए । युविन बुढाथोकीले २५ रन र रिजन ढकालले १६ रन बनाएका थिए। ललितपुरको तर्फबाट नन्दन यादवले सर्वाधिक ४ विकेट लिएका थिए । सूर्य तामाङले ३ विकेट र विपिन आचार्यले २ विकेट लिएका थिए । फाइनल खेलको प्लेयर अफ द म्याच ललितपुरका सूर्य तामाङ घोषित भए ।

सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

# भ्याङबाट लडेका हर्कबहादुरको मृत्यु

समाज संवाददाता

हेटौंडा : मकवानपुरको बकैया गाउँपालिका-९, च्याउँच्याउँमा भ्याङबाट लडेका ४७ वर्षीय हर्कबहादुर भ्लोनको मृत्यु भएको छ । मंगलबार भ्याङबाट लडेर घाइते भएका भ्लोनलाई मंगलबार राती ९ बजेर २० मिनेटको समयमा उपचारका लागि हेटौंडा अस्पताल ल्याइएको थियो ।

गम्भीर घाइते भ्लोनलाई थप उपचारका लागि भरतपुर लगिएको थियो । भरतपुरमा पनि भ्लोनको उपचार सम्भव नभएपछि घर फिर्ता ल्याइएको थियो । भ्लोनको बुधबार बिहान ४ बजेको समयमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । भ्लोनले मादक पदार्थ सेवन गरेका कारण भ्याङबाट लडेको प्रहरीले उल्लेख गरेको छ ।

# स्ववियु निर्वाचन सचिवालयमा ताला

समाज संवाददाता

हेटौंडाः नेपाल विद्यार्थी संघ मकवानपुर बहुमुखी क्याम्पस इकाई समितिले चैत ५ गतेका लागि तय भएको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन समितिको सचिवालयमा ताला लगाएको छ । नेविसंघले स्ववियु निर्वाचनमा बुद्ध बराम नेतृत्वको संगठनलाई निर्वाचन प्रक्रियामा सहभागी गराउन माग गर्दै बिहिबार ताला लगाएका हुन् ।

नेविसंघले क्याम्पस प्रशासनलाई समेत सोही दिन विज्ञप्ति बुझाएको थियो । संघले विज्ञप्ति मार्फत सहभागी हुन पाउने वातावरण बनाउन माग गर्दै सहायक क्याम्पस प्रमुख संगम चौलागाईंलाई विज्ञप्ति बुझाएका हुन् । संघले फागुन १९ गते बरामको नेतृत्वमा संगठन दर्ता गरेको थियो । निर्वाचन समितिले भने सागर घिमिरेको नाममा दर्ता भएको नेविसंघलाई आधिकारिकता दिएको छ। मकवानपुर बहुमुखी क्याम्पसमा ६ वटा दल दताए भएको छ ।

# मन्त्रीले गरे बक्सिङ क्लब भवनको शिलान्यास

समाज संवाददाता


हेटौंडाः मकवानपुरको हेटौंडा-१४ मा युनिक बक्सिङ क्लब भवनको शिलान्यास गरिएको छ। बागमती प्रदेशका युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जनले एक कार्यक्रमका बिच बक्सिङ भवनको शिलान्यास गर्नुभएको हो ।

सो अवसरमा बोल्दै मन्त्री महर्जनले बागमती प्रदेशका १३ जिल्लामा रहेका पूर्वाधारहरु र सम्पत्तिका विषयमा आफूले अध्ययन गरिरहेको बताउनुभयो । उहाँले सबै जिल्लाका पूर्वाधार सम्पत्तिको खोजी गरिरहेको बताउनुभएको छ । मन्त्री महर्जनले खेलाडीहरुका लागि छात्राबास र मार्सल आर्टको सुविधासम्पन्न भवन निर्माण योजना बनाएको बताउनुभयो ।

निर्माण भएका खेल पूर्वाधारहरुको उचित उपयोग हुन नसकेको उहाँको भनाइ छ । 'यहाँका खेल पूर्वाधारहरु मनोमानी ढंगले चलेका छन् भन्ने मैले सुनेको छु', मन्त्री महर्जनले भन्नुभयो- 'यो खेलाडी उत्पादन गर्ने ठाउँ हो, न कि धनी व्यक्तिहरुले भुँडी घटाउने ठाउँ ।'

विगतमा सामाजिक विकास मन्त्रालयभित्र खेलकूद रहे पनि अहिले खेलकूद मन्त्रालय छुट्टै भएकाले खेल क्षेत्रलाई व्यवस्थित विकासका लागि काम गर्ने मन्त्री महर्जनले प्रतिबद्धता व्यक्त गर्नुभएको छ । उहाँले खेलकुदसँगै युवा स्वरोजगार कार्यक्रमलाई समेत व्यवस्थितरुपमा अघि बढाउने बताउनुभयो । जिल्लामा रहेका खेलकुदका भौतिक सम्पत्तिलाई खेलाडी र युवाको उपयोगमा ल्याउने गरी योजना अघि सारेको उहाँले बताउनुभयो ।

हेटौंडा उपमहानगरपालिकाको २५ लाख रुपैयाँ लागतमा युनिक बक्सिङ क्लबको भवन आगामी तीन महिनाभित्र निर्माण गरिसक्ने प्रदेश खेलकूद विकास परिषद्का सदस्यसचिव दीपक लामाले बताउनुभयो । युनिक बक्सिङ क्लब भवनको शिलान्यास हुनु खुसीको दिन भएको उहाँको भनाइ छ ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ